

**के तपाईको घर पानीले रसाएको छ ?**
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३०८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर २१ गते बुधबार ❑ 7 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## समानुपातिकतर्फको सिट बाँडफाँट हुँदै

**रासस**
**काठमाडौं, २० मंसिर**

यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिक प्रणालीतर्फ सबै मतगणना सकिएपछि निर्वाचन आयोगले प्राप्त मत र भारका आधारमा प्राप्त गर्ने स्थान (सिट) संख्या निर्धारणको तयारी गरेको छ।

आयोगमा रहेको समानुपातिक निर्वाचन प्रणालीको मुख्य निर्वाचन अधिकृतको कार्यालयले प्रतिनिधिसभा र प्रदेशसभाका लागि उक्त प्रणालीअन्तर्गत राजनीतिक दलहरूले प्राप्त गरेको मतसंख्या, प्रतिशत र सिट संख्या निर्धारण गरी सोबारे निर्णयको प्रस्ताव तयार गरेको छ । मुख्य निर्वाचन अधिकृत आयोगका सचिव गोकर्णमणि दुवाडी, सम्बन्धित उच्च अधिकारी र तथ्याङ्कसम्बन्धी विज्ञ सो कार्यमा संलग्न हुनुहुन्छ।

सो कार्यालयले आयोगको सूचना प्रणालीमा प्रविष्ट भएको आँकडा र निर्वाचन अधिकृतिको कार्यालयबाट लिखतरूपमा प्राप्त विवरणलाई भिडाएर अलगअलग परिणाम प्रतिवेदन (प्रस्ताव) को तयारी गरिरहेको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आजै सबै परिणामको विवरण टुङ्गो लगाउन निर्र्देशन दिनुभएको छ।

आयोगबाट निर्णयलगत्तै बुधबार सम्बन्धित दललाई पत्र पठाइनेछ। प्रतिनिधिसभातर्फ कूल सदर मतको तीन र प्रदेशसभातर्फ कूल सदर मतको एक दशमलव पाँच प्रतिशत मत ल्याउने दलले थ्रेस होल्ड कटाएको मानी स्थान निर्धारण गरिनेछ । उक्त थ्रेसहोल्डको प्रतिशत कटाए पनि प्रति सांसदका लागि आवश्यक पर्ने मतभार बराबरको मत संख्या प्राप्त नगरेमा ती दलले समानुपातिकमा सदस्य सिफारिस गर्न पाउने छैनन्।

आयोगमा दलहरूले बुझाएको समानुपातिकका उम्मेदवारको बन्दसूचीका आधारमा दलहरूले पाउने सिट संख्यासहित नाम समावेशी समूह मिलाएर सिफारिसका लागि दलहरूलाई पत्राचार गर्नेछ।

सोका लागि दलहरूले प्रतिनिधिसभातर्फ सात दिन र प्रदेशसभातर्फ तीन दिन समय पाउनेछन् । दलहरूबाट नामावली सिफारिस भइसकेपछि आयोगले यही मङ्सिर २६ गतेभित्रमा निर्वाचन परिणामको प्रतिवेदनसहित राष्ट्रपतिसमक्ष प्रतिवेदन बुझाउने तयारी छ।

प्रतिनिधिसभा र प्रदेशसभातर्फको समानुपातिकतर्फको मतगणना अन्तिम चरणमा पुगेको छ। निर्वाचन आयोगका अनुसार हालसम्म एक करोड पाँच लाख ६० हजार ६७ मतगणना भएको छ।

आयोगका अनुसार नेकपा (एमाले)ले २८ लाख ४५ हजार छ सय ४१ मत प्राप्त गरेको छ। नेपाली कांग्रेसले २७ लाख १५ हजार दुई सय २५ मत प्राप्त गरेको छ । नेकपा (माओवादी केन्द्र)ले ११ लाख ७५ हजार छ सय ८४, राष्ट्रिय स्वतन्त्र पार्टीले ११ लाख ३० हजार तीन सय ४४, राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच लाख ८८ हजार आठ सय ४९, जनता समाजवादी पार्टीले चार लाख २१ हजार तीन सय १३, जनमत पार्टीले तीन लाख ९४ हजार छ सय पाँच तथा नेकपा (एकीकृत समाजवादी)ले दुई लाख ९८ हजार तीन सय ९१ मत प्राप्त गरेको छ।

आयोगका अनुसार नागरिक उन्मुक्ति पार्टीले दुई लाख ७१ हजार सात सय २२, लोकतान्त्रिक समाजवादी पार्टीले एक लाख ६७ हजार तीन सय ६७, नेपाल मजदुर किसान पार्टीले ७५ हजार एक सय ६८, हाम्रो नेपाली पार्टीले ५५ हजार सात सय ४३, मङ्गोल नेशनल अर्गनाइजेशनले ४९ हजार र राष्ट्रिय जनमोर्चाले ४६ हजार पाँच सय चार मत प्राप्त गरेको छ । आयोगका अनुसार आज रातभरमा समानुपातिकतर्फको मतगणना सकिने छ। यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्षतर्फको मतगणना यसअघि नै सम्पन्न भइसकेको छ।

## २४ फार्मलाई अनुदान

**पोखरापत्र संवाददाता**
**पोखरा, २० मंसिर**

पोखरा महानगरपालिकाले उद्यमशीलता व्यवसाय प्रवर्द्धन तथा नवप्रवर्तन कार्यक्रम अन्तर्गत २४ वटा फार्मलाई अनुदान प्रदान गरेको छ।

युएनडिपीसँगको साझेदारी तथा गोनेसाको व्यवस्थापनमा पोखरा महानगरपालिकाअन्तर्गतको व्यवसाय प्रवर्द्धन केन्द्रअन्तर्गत उद्यमशीलता व्यवसाय प्रवर्द्धन तथा नवप्रवर्द्धन केन्द्र (इबिक) परियोजनाको सहजीकरणमा उद्यमशीलता तथा नवप्रवर्तन कोषमार्फत् २४ फार्मलाई रु ५० हजारका दरले अनुदान प्रदान गरिएको हो।

महानगरपालिकाका प्रमुख धनराज आचार्यले व्यवसाय सञ्चालनका लागि प्रोत्साहन तथा नयाँ रोजगारी सिर्जनामा यसले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । "व्यवसाय सञ्चालन तथा रोजगारी सिर्जनामा पहिलो पाइला महत्वपूर्ण हुन्छ, नवीनतम् सोच भएका व्यक्ति तथा फार्मलाई यो रकमले प्रोत्साहन गर्ने विश्वास लिएका छौं", उहाँले भन्नुभयो।

प्रमुख आचार्यले रकम साना भए पनि पहिलो पाइलामा यो पुरस्कार प्राप्त गर्नु महत्वपूर्ण भएको जनाउँदै रोजगारी सिर्जनाका लागि महानगरपालिकाले निरन्तर पहल गर्ने प्रतिबद्धता जनाउनुभयो।

अनुदान रकम प्राप्त गर्नेमा सुन्ती पुर्जा (हस्तकला), सरस्वती अधिकारी थापा (गँड्यौला पालन, कौसी खेती र फोहोर मैला व्यवस्थापन), चुत्रल कृषि समूह (कृषि उत्पादन), ग्रिन रोड बेस्ट म्यानेजमेन्ट (प्लास्टिक व्यवस्थापन) हुनुहुन्छ । साथै, एक कल होम सोलुसन (विभिन्न सेवाका लागि प्राविधिक सेवा), सुवास परियार (वातावरणमैत्री झोला प्रवर्द्धन), रेखाकुमारी थापा (गँड्यौला मल प्याकेजिङ), बाबुराम बस्ताकोटी (आर्ट एन्ड ह्यान्डी क्राफ्ट)ले पनि अनुदान पाउनुएको छ।

त्यसैगरी प्रेमबहादुर विक (मेटल उद्योग), महिला सीप विकास संस्था (हस्तकला उत्पादन), पोखरा तारा मण्डल एन्ड विज्ञान केन्द्र (सिकाइ प्रवर्द्धन) र जमुना सुनार (हस्तकला), झलकप्रसाद बराल (पोल्टी), तारानाथ पहारी (कृषि पर्यटन), पोखरा बर्डस एन्ड एग्रो फार्म (कृषि), ज्योति प्रोभिजन स्टोर (लोकल घीउ तथा पनिर उत्पादन), पिन शोभा गुरुङ (विषादी मुक्त अर्ग्यानिक उत्पादन), रनदेवी गुरुङ (कृषि तथा पशुपालन), विश्वबन्धु पोखरेल (कृषि तथा पशु), विष्णुमाया आचार्य (हस्तकला), पद्मावती खाद्य उद्योग (आयुर्वेदिक औषधी तथा जडीबुटी), बिजुला परिवार (टेलर्स), देवीथान कृषि फर्म (कृषि) र ग्रिनबायोटिक एन्ड रिसर्च सेन्टरलाई पनि अनुदान उपलब्ध गराइएको छ । पोखरा महानगरपालिका क्षेत्रभित्र नयाँ व्यवसाय तथा नवीनतम् सोचका साथ व्यवसाय सञ्चालन गर्ने तयारी गरिरहेकायुवा/महिला/वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा फर्महरूलाई व्यवसाय सञ्चालनका लागि हौसलास्वरूप अनुदान प्रदान गरिएको इबिक परियोजनाका संयोजक नवराजअधिकारीले बताउनुभयो। पोखरा महानगरपालिकाअन्तर्गत व्यवसाय प्रवर्द्धन केन्द्रद्वारा प्रकाशित सूचनाका आधारमा सूचीकृत भई छनोटमा परेका २४ वटा व्यक्ति तथा फर्महरूलाई अनुदान उपलब्ध संयोजक अधिकारीले जानकारी दिनुभयो।

## दशगजालाई नै असर पर्ने गरी भारतको पर्खाल

**रासस**
**काठमाडौं, २० मंसिर**

रुपन्देहीमा पर्ने सीमामा भारतले एकलौटी तरिकाले पर्खाल निर्माण गर्न लागेपछि नेपाली प्रशासनले त्यसमा हस्तक्षेप गरेको छ।

रुपन्देहीको सिद्धार्थनगर नगरपालिका वडा नम्बर १ पक्लिहवा नजिकै भारतले एकलौटीरूपमा पर्खाल निर्माण सुरु गरेको छ। दशगजासँगै जोडिएर एकलौटीरूपमा पर्खाल निर्माण गर्न लागेकाले स्थानीय प्रशासनले यसमा आपत्ति जनाएको छ । भारतीय सुरक्षाकर्मी एसएसबीले भारतमा एकीकृत जाँचचौकी (आइसिपी) निर्माणका लागि भन्दै ठूलो क्षेत्रमा पर्खाल लगाउने तयारी गरेको छ। सशस्त्र प्रहरीको जिल्ला कार्यालय रहेको अगाडि नै भारतले दशगजाभरि इँटा खसालेको छ । पिलर नम्बर ५१८ को छेवैमा जग खनेर पर्खाललाई आवश्यक पिलर पनि ठड्याइसकेको छ।

नेपाल निर्वाचनमा होमिएको समयमा भारतले एकलौटीरूपमा बनाउन लागेको पर्खालमा नेपाली प्रशासनले आपत्ति जनाएपछि अहिले निर्माण कार्य रोकिएको रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी रामचन्द्र अर्यालले बताउनुभयो । "सशस्त्र प्रहरीले जिल्ला प्रशासन कार्यालयलाई भारतले निर्माण गरेको पर्खालबारे जानकारी गराएको थियो", अर्यालले भन्नुभयो, "हामीले तत्काल गृह मन्त्रालयलाई खबर गर्यौं र भारतीय पक्षलाई निर्माण कार्य रोक्न लगायौं।"

भारतले दशगजालाई नै प्रभावित पार्ने गरी निर्माण कार्य सुरु गरेको उहाँले बताउनुभयो । दशगजा क्षेत्रमा कुनै पनि काम गर्दा दुवै देशले अर्का देशको अनुमतिले मात्र निर्माण गर्न पाइने प्रावधान छ तर यसमा भारतीय पक्षले यसको पालना नगरेको सहायक प्रजिअ अर्यालको भनाइ छ । "दशगजा क्षेत्रमा कुनै पनि काम गर्दा प्राविधिक टोलीको प्रतिवेदनको आधारमा गर्न पाइन्छ", उहाँले भन्नुभयो, "हामीले पनि गृहमन्त्रालयमा खबर गरेका छौं, मन्त्रालयले यसबारे आवश्यक समन्वय गर्नेछ।" नेपाल भारतको सीमानाका बेलहियामा एकीकृत जाँचचौकी निर्माणको चरणमा रहेको छ । नेपालले धेरै समयअघि नै जग्गा अधिग्रहण गरे पनि भारतीय पक्ष भने जग्गा अधिग्रहणको कारण रोकिएको थियो । पूर्वनिर्धारित क्षेत्रभन्दा केही पश्चिम अहिले भारतीय पक्षले आइसिपी निर्माणका लागि जग्गा लिएको छ।

## लैङ्गिक हिंसा विरुद्धमा सचेतना र्‍याली

**पोखरापत्र संवाददाता**
**पोखरा, २० मंसिर**

सामुदायिक वन उपभोक्ता महासंघ नेपालले लैङ्गिक हिंसा न्यूनीकरणको लागि राष्ट्रव्यापी रुपमा १६ दिने अभियान सञ्चालन गरेको छ।

"सभ्य समाजको पहिचानः लैङ्गिक हिंसा विरुद्धको अभियान" भन्ने मूल नारा सहित सञ्चालित अभियानमा अन्तर्गत सचेतना र्‍याली, अन्तरकृया, कोणसभा गर्दै आएको हो । कास्की जिल्ला महासंघको आयोजना




तथा फुर्केटारी सामुदायिक वन उपभोक्ता समूहको व्यवस्थापनमा पोखरा २५ हेमजामा र्‍याली तथा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सकियो सातौं पर्वतीय महोत्सवअन्तर्गत अन्तरविद्यालयस्तरीय चित्रकला प्रतियोगिता

**पोखरापत्र संवाददाता**
**पोखरा, २० मंसिर**

सातौंपर्वतीयमहोत्सवअन्तर्गत अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा अन्तरविद्यालयस्तरीय चित्रकला प्रतियोगिता सोमबार सकिएको छ।

पोखरामा हुने ७ औं अन्तर्राष्ट्रिय पर्वतीय महोत्सवको पूर्वसन्ध्यामा नेपाल पर्वतारोहण संघ र पर्वतीय संग्रहालय प्रतियोगिता आयोजना गरेका हुन् । प्रतियोगितामा ३६ विद्यालयले सहभागिताको लागि निवेदन दिएका थिए । जसमध्ये ३३ विद्यालय प्रतियोगितामा सहभागी भएको महोत्सव मूल आयोजक समितिले जानकारी दिएको छ । प्रतियोगितामा पोखराका विभिन्न विद्यालयमा ८ देखि १० कक्षासम्म अध्ययनरत विद्यार्थी सहभागी गराइएको




थियो । संग्रहालयकी निर्देशक तथा महोत्सव मूल आयोजक समिति सदस्य सचिव निर्मला न्यौपानेका अनुसार प्रतियोगिताको नतीजा महोत्सव उद्घाटनको दिन २४ गते सार्वजनिक गरिने छ । प्रतियोगितामा सहभागी भएका प्रथम, द्वितीय, तृतीय भएका विद्यार्थीलाई उद्घाटनको दिन प्रमुख अतिथिबाट पुरस्कार वितरण गरिने छ। प्रतियोगितामा विद्यार्थीको लागि सान्त्वना पुरस्कार पनि राखिएको छ । प्रतियोगिताको निर्णायक मण्डलमा मनोज तामाङ, शान्तकुमार श्रेष्ठ र हरेराम जोजिजु छन् । प्रतियोगितामा पर्यटन परिषद्का सञ्जयकान्त सिग्देल पनि सहभागी थिए।

डिसेम्बर ११ लाई अन्तराष्ट्रिय पर्वतीय दिवसको रुपमा मनाउन थालेपछि पर्वतारोहण संघले हरेक वर्षदेखि पोखरा अन्तराष्ट्रि पर्वतीय संग्रहालयमा महोत्सव आयोजना गर्दै आएको छ । मंसिर २४ र २५ गते हुने ७ औं महोत्सवमा पर्वतीय वातारण, जैविक विविधता, प्राकृतिक स्रोत लगायतका विषयमा जोड दिएको छ । 'वुमन मुभ माउन्टेन'को नारासहित मनाउन लागिएको महोत्सवमा यसवर्ष पनि विभिन्न कार्यक्रम र प्रतियोगिता राखिएको छ । महोत्सवमा हिमाली क्षेत्रमा हुने खेललाई प्राथमिकतामा राख्दै धनुषवाण (आर्चरी), छेलो लगायतका खेल कार्यक्रम पनि राखिएको छ । यो बाहेक महोत्सवमा सडक दौड, साइक्लिङ प्रतियोगिता पनि छ । यस्तै महोत्सवमा संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयको सहकार्यमा सगरमाथा आधार शिविर व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रमको पनि आयोजना भएको छ।




# पोखरा लेकसाइडका होटल तथा रेष्टुरेण्टलाई स्तरीकरणको लोगो प्रदान

**पोखरापत्र संवाददाता**
**पोखरा, २० मंसिर**

पर्यटकीय शहर पोखराको लेकसाइड स्थित होटल तथा रेस्टुरेन्टहरुलाई सुचकांकका आधारमा स्तरीकरणको लोगो वितरण गरिएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, कास्कीले खाद्य स्वच्छताका आधारमा यहाँका होटल तथा रेस्टुरेन्ट लाई स्तरीकरण तथा लोगो वितरण गर्ने कार्य शुरु गरेको हो।

रेस्टुरेन्ट एन्ड बार एसोसियसन नेपाल (रेवान) र होटल एसोसिएसन नेपाल (हान) सहकार्यमा पोखराका १४ वटा रिसोर्ट, होटल तथा रेस्टुरेन्टलाई स्तरीकरणसँगै लोगो वितरण गरिएको खाद्य अनुसन्धान अधिकृत दिपक कुँवरले जानकारी दिनुभयो। उहाँका अनुसार खाद्य स्वच्छताका आधारमा होटल रेस्टुरेन्ट स्तरीकरण गर्नेसम्बन्धी निर्देशिका, २०७४ मा भएको व्यवस्थाअनुसार विभिन्न ५० वटा सूचकलाई आधार मानेर होटल तथा रेस्टुरेन्टको स्तरीकरण मूल्यांकन गरिएको हो । एउटा



सूचकलाई २ नम्बर दिएर मूल्यांकन गर्दा ९० भन्दामाथि अंक ल्याउने होटलमा अति उत्तम (३ वटा स्टार सहितको हरियो), ८०-८९ अंक ल्याउने उत्तम (२ स्टारसहितको हरियो), ६५-८९ अंक ल्याउने सन्तोषजनक (१ स्टारसहित हरियो) र ५०-६४ अंक ल्याउनेलाई सामान्य (पहेंलो) लोगो टाँसिने कुँवरले जानकारी दिनुभयो । सूचकांकका आधारमा माउन्ट कैलाश, फ्रेस इलेमेन्ट, वरपीपल रिसोर्ट, होटल सरोवर, टेम्पल ट्रि रिसोर्ट र अतिथि रिसोर्टलाई उत्तम होटलले स्तरीकरण लोगो प्राप्त गरेका छन्। यस्तै, मेट फाइभ, हवर क्याफे, प्याराडिसो, डुंगा रेस्ट्रो, मुन डान्स, होटल सहारा र होटल आइसल्यान्ड सन्तोषजनक होटलमा पर्न सफल भएका छन्।

उपभोक्ता मञ्च गण्डकी अध्यक्ष कपिलनाथ कोइरालाले पर्यटकीय शहरमा यो अभ्यासले गणस्तरीय सेवा प्रवाहमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । स्तरीकरणको लोगो प्रदान भएपछि अन्य होटल तथा रेस्टुरेन्टहरु पनि जिम्मेवार भएर यस तर्फ ध्यान दिने उहाँको भनाइ छ। उहाँले खाद्य स्वच्छता समिति गठन विभिन्न सूचकका आधारमा स्तरीकरण गर्ने भएकाले यो निकै पारदर्शी हुने गरेको बताउनुभयो।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख शिवजी बरालले हरेक होटल तथा रेष्टुरेन्टहरुमा यो आवश्यक रहेको बताउनुभयो । उहाँले कार्यालयले यसअघि पृथ्वीचोकका होटलहरु पनि स्तरीकरण गरेको जनाउँदै आफ्नो होटल तथा रेष्टुरेन्टहरुमा स्तरीकरणको लोगो र प्रमाणपत्र राख्का लागि व्यवसायीबाट निवेदन आएका सुचकलाई आधार मानेर स्तरीकरण गर्न सकिने बताउनुभयो । उहाँले अनुगमनका क्रममा सेवा प्रवाहमा देखिएका कमीकमजोरी सुधार गर्न सुझाव दिने गरिएको बताउनुभयो । पोखराका होटल तथा रेष्टुरेण्टहरुमा अनुगमनको क्रममा सन्तोषजनक भन्दा तलको अवस्था नदेखिएको उहाँको भनाइ छ।

# व्यापार मेलामा छुटको बहार

**पोखरापत्र संवाददाता**
**पोखरा, २० मंसिर**

पोखराको नयाँबजारमा जारी समृद्धि स्टिल्स राष्ट्रिय औद्योगिक व्यापार मेला २०७९ मा बिक्रीको लागि राखिएका विभिन्न घरायसी सामानमा भारी छुटको व्यवस्था गरिएको छ।

संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीका अनुसार दैनिक जीवनमा प्रयोग हुने भान्छाका सामग्रीदेखि अन्य उपभोग्य बस्तु, गाडी तथा मोटरसाइकलमा त्यो छुट दिइएको हो। यो मेलामा प्रदर्शनका लागि राखिएका सामग्रीहरु एकातिर छन् भने दैनिक जीवनमा प्रयोग हुने सामान सस्तोमा बिक्री-वितरण भइरहेको छ', उनले भने, 'गृहिणीहरुले यो मेलाबाट भरपुर फाइदा लिन सक्नुहुन्छ।' मेलाको सह-प्रायोजक रहेको शिवशिखर सहकारीको स्टल देखाउँदै उनले भने, 'यस्तो छुट अरु बेला पाइँदैन।'

संघका महासचिव बलराम आचार्यका अनुसार मेलामा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका उद्योगी/व्यवसायीहरुले बस्तु तथा सेवाहरु प्रदर्शन र बिक्रीमा राखेका छन् । कृषि उत्पादनहरु, स्वस्थ जीवनलाईं आवश्यक पर्ने खाद्यान्नहरु मेलाको विशेष आकर्षण रहेको पनि उनले बताए। संघकी उपमहासचिव शोभा गौतमका अनुसार मेलाअन्तर्गत समावेश गरिएको सांस्कृतिक कार्यक्रमले पनि अवलोकनकर्तालाई भरपुर मनोरञ्जन दिलाएको छ । मंगलबार प्रकाश सपूतलगायतका प्रस्तुतिपछि बुधबार चर्चित खेम सेन्चुरीको प्रस्तुति रहने उनले जानकारी दिइन् । यता, इ-सेवाको क्यूआर कोडमार्फत् मेलाको टिकट काट्नेहरुको लागि लक्की ड्रमार्फत् व्यवस्था गरिएको पुरस्कारअन्तर्गत मंसिर १८ विजेता बनेका काशीराम न्यौपानेले एडभान्स प्याराग्लाइडिङको तर्फबाट प्याराग्लाइडिङको टिकट पाए भने १९ गतेकी विजेता दिव्यानी थापाले फिस्टेल ड्रिमपार्कको टिकट पाइन्। १९ गते नै यति मार्ट प्रालि तथा शिखा प्याकेजिङ प्रालिको नामबाट काटिएका २ टिकटले पनि फिस्टेल ड्रिम पार्कको फ्रि टिकट पाएका छन्। यता, मेलाको प्रवेश टिकट लिनेमध्ये दैनिक २० जनालाई अन्नपूर्ण केबलकारको टिकट एवं २ जनालाई बाल्ट्रको कुकर प्राप्त भएको टिकट व्यवस्थापन उपसमितिका संयोजक सुदीप ओझाले जानकारी दिए। मंसिर १६ गतेबाट सुरु भएको मेला मंसिर २५ गतेसम्म चल्नेछ।

# लैङ्गिक...

कोणसभाको आयोजना गरियो । समाजमा हुने शारिरीक, मानसिक, यौनजन्य, आर्थिक र सामाजिक तथा सांस्कृतिक लगायतका बिभिन्न हिंसा विरुद्धमा सिंगो समाज एकताबद्ध भएर लाग्नु पर्नेमा सभाका बक्ताहरुले जोड दिएका थिए।

सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य एवम् जिल्ला समन्वय समिति कास्कीका उपप्रमुख सरिता कुमालले लैङ्गिक हिंसा समाजको विकासको वाधक भएको बताउँदै यसको अन्त्यका लागि सामूहिक प्रयास आवश्यक रहेको बताउनुभयो । महासंघका केन्द्रीय सदस्य एवम् प्रचार विभाग प्रमुख हरिप्रसाद बास्तोला र गण्डकी अध्यक्ष कालिदास सुवेदीले घरघरमा हुने हिंसालाई लुकाउन नहुनेमा जोड दिंदै लैङ्गिक हिंसा रहित समाज निर्माणमा सवैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो। जिल्ला महासंघ कास्कीका अध्यक्ष विश्वनाथ लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा सचिव पार्वती अधिकारी सुवेदी, फुर्केटारी सामुदायिक वन समुहका सचिव रमा त्रिपाठी लगायतले लैङ्गिक हिंसा विरुद्धमा संगठित भएर लाग्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । त्यसअघि लैङ्गिक हिंसा तथा सामुदायिक वन अधिकारका बारेमा लेखिएका प्लेकार्ड सहितको ऱ्यालीले हेमजा बजार परिक्रममा गरि मध्येपहाडी लोकमार्गको मिलनचोकमा पुगेर कोणसभामा परिणत भएको थियो।

# बाल मृत्युदर घट्यो

**रासस**
**काठमाडौं, २० मंसिर**

नेपालमा पाँच वर्षको अविधिमा बालमृत्यु दरमा घटेको पाइएको छ । हालै सार्वजनिक गरिएको नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ ले नेपालमा पाँच वर्षमा बालमृत्युदर घटेको पाइएको हो।

सर्वेक्षणअनुसार नेपालमा प्रतिएक हजारमा ३३ जना बालमृत्युदर भएको उल्लेख गरिएको छ। यसअघि सन् २०१६ गरिएको सर्वेक्षणमा प्रतिएक हजारमा ३९ जना बालमृत्युदर रहेको थियो । नेपालमा सन् २०११ मा प्रतिएक हजारमा ५४ जना, सन् २००६ मा ६१ जना, सन् २००१ मा ९१ जना र सन् १९९६ मा ११८ जना बाल मृत्युदर रहेको थियो।

# नेसनल प्याब्सन खेलकुद महोत्सव सुरु, मार्च पासमा अन्जली र यूनिर्भस विजेता

**पोखरापत्र संवाददाता**
**पोखरा, २० मंसिर**

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (एन प्याब्सन) कास्कीको आयोजनामा मंगलबार देखि १३ औं नेसनल प्याब्सन खेलकुद महोत्सव सुरु भएको छ।

यही मंसिर २३ गतेसम्म पोखरा सहित पोखरा रंगशालामा संचालन हुने उक्त महोत्सवको राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङले एक समारोहका बिच मंगलबार पोखरामा उद्घाटन गर्दै शिक्षासंगै बिद्यार्थीहरुलाई खेलकुदमा पनि प्रथामिकता दिन आग्रह गरे।

खेलाडीहरु उत्पादन गर्ने तल्लो तह बिद्यालय क्षेत्र भएको उल्लेख गर्दै सदस्य सचिव घिसिङले बिद्यार्थीहरुको पढाईसंगै खेलकुदलाई समेत प्रथामिकता दिनुपर्ने उनको भनाई थियो । पोखरामा भएका खेलकुदको संरचनालाई उचित ढंगले संरक्षण गर्दै खेलाडीहरु उत्पादन हुने गरी प्रयोग गर्न समेत उनको सुझाव थियो।

कार्यक्रममा नेपाल ओलम्पिक कमिटिका उपाध्यक्ष एवं प्रदेश खेलकुद परिषद



गण्डकीका निवर्तमान सदस्य सचिव तेज बहादुर गुरुङले यस्ता कार्यक्रमले खेलाडी र खेलकुदको विकास हुने हुदा निरन्तरता दिनुपर्ने बताए।

उद्घाटन अवसरमा आयोजित १५ सय मिटर दौड सिनियर छात्र तर्फ चिल्ड्रेन एकेडेमीका अस्मीत श्रीपालीले स्वर्ण पदक जितेका छन्। उनले निर्धारित दुरी ५ मिनेट २:०७ सेकेण्डमा दुरी पार गरी प्रथम हुदै स्वर्ण पदक हात पारेका हुन्। कास्की मोडनाइज एकेडेमीका प्रमोद थापाले ५ मिनेट ४:०५ सेकेण्डमा उक्त दुरी पार गरी रजत पदक प्राप्त गरे। अक्सफोर्ड एकेडेमीका सफल गुरुङ (५:०६:७) ले कास्य पदक हात पारे।

त्यसै गरी छात्रा तर्फको ८ सय मिटर दौडमा एल.पी.देवकोटाकी मेनुका अधिकारीले स्वर्ण पदक जितिन । उनले निर्धारित दुरी २ मिनेट ५८:७ सेकेण्डमा पार गरीन्। ज्ञान ज्योतिकी पल्लवी नेपालीले ३ मिनेट १२:६ सेकेण्डमा दुरी पार गरी रजत पदक हात पार्दा चिल्ड्रेन एकेडेमीकी ऋति बसेल (३:१६:०) कास्य पदक जितिन । उद्घाटन सत्रको अवसरमा आयोजित मार्चपास प्रतियोगितामा अन्जली बोर्डिङ स्कुल र युनिर्भस इङलिस बोर्डिङ स्कुल दुई बिद्यालयहरु प्रथम भएका छन्। मार्च पासमा सहभागि ४२ बिद्यालयहरु मध्य कास्की मोडनाइज एकेडेमी दोश्रो र गण्डकी एकेडेमी तेश्रो भएको छ । विजेता बिद्यालयहरुलाई ट्रफि वितरण गरिने भएको मार्चपास संयोजक कमल बहादुर मल्लले बताए।

एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा उद्घाटन सत्र सम्पन्न भएको हो । मंगलबार मार्च पास सहित विभिन्न सांस्कृतिक कार्यक्रमको साथमा झाँकी समेत प्रर्दशन गरिएको सचिव मानकाजी गुरुङले बताए। बुधबार विहान देखि एथ्लेटिक्स, बास्केटवल, भलिवल,टि.टि. लगायतका खेलहरु हुने भएको छ । सिनियर फुटवल तथा जुनियर छात्र तर्फको सेभेन ए साइड फुटवल प्रतियोगिता अर्न्तगत बुधबार देखि क्वाटर फाइनलका खेलहरु हुने भएको फुटवल खेल संयोजक राजु केसीले बताए। मंसिर २३ गतेसम्म पोखरामा संचालन हुने उक्त महोत्सवमा एन प्याब्सनमा आबद्ध ४६ बिद्यालयका करिब ७ हजार खेलाडीहरु सहभागि हुने भएको अध्यक्ष अधिकारीले बताए।


## बाखाको खोर बिक्रीमा

माादी गाउँपालिका–८, रबैडाँडा, कास्की जिल्ला स्थित १३ रोपनी जग्गामा फुल फेन्सिङ्ग बार सहितको गेट भएको लम्बाई ६८ फुट, चौडाई २८ फुट, बिजुली पानीको राम्रो व्यवस्था भएको, ५०० खसी बाखा पाल्न मिल्ने, डिपिङ्ग ट्याक्त भएको, मूत्र संकलन व्यवस्था भएको, दाना चोकर राख्न मिल्ने तथा मान्छे बस्न मिल्ने ४ कोठा समेत भएको बाखाको खोर तु बिक्रीमा छ। ईच्छुक व्यक्ति एवं फर्मले तु सम्पर्क गर्नुहोला।

**रबैडाँडा तामाङ्ग कृषि फर्म**
मादी गाउँपालिका–८, रबैडाँडा, कास्की

९८०६७७३२०७ (क्या. श्री धन ब. गुरुङ्ग)
९७४९४३२९१५ (ना.सु. श्री कृष्ण ब. गुरुङ्ग)
९८१६६४६१९८ (श्री डम्मर ब. गुरुङ्ग)

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा–८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशालाई जन्माउँछ।
- विदुरनीति

## सम्पादकीय

# समानुपातिकमा सात दललाई सिट

निर्वाचन आयोगले मंसीर ४ मा सम्पन्न प्रतिनिधि सभा निर्वाचनको समानुपातिकतर्फको मत गणना सम्पन्न गरेको छ। निर्वाचन आयोगले मंगलबार समानुपातिक मत गणना सकने जनाएको थियो। मंसिर २८ गतेभित्र सम्पूर्ण विवरण राष्ट्पति समक्ष बुझाउने भएको छ। दलहरूलाई समानुपातिक सूचीमा राखिएका नाम क्लष्टर मिलाएर पठाउन समय दिने भएको छ। निर्वाचन भएको एक महिना भित्र सम्पूर्ण परिणाम घोषणा गर्ने गरि काम अघि बढाएको छ। कुनै अवरोध नआए कार्यतालिका अनुसार नै काम गरेको छ। प्रतिनिधिसभा निर्वाचनमा समानुपातिकमा १ करोड ९ लाख खसेकोमा १ करोड पाँच लाख ६० हजार ६७ मत सदर भएको छ। समानुपातिक प्रणालीतर्फ सबैभन्दा धेरै नेकपा (एमाले) ले २८ लाख ४५ हजार ६४१ मत २६.९४ प्रतिशत मत ल्याएको छ। दोस्रोमा रहेको नेपाली कांग्रेसले २७ लाख १५ हजार २१२ मत २५.७१ प्रतिशत मत ल्याएको छ।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐनअनुसार, समानुपातिक निर्वाचन प्रणालीतर्फ सदर मतको कम्तीमा ३ प्रतिशत मत पाउने दल मात्र समानुपातिकतर्फको ११० सीट बाँडफाँडका लागि योग्य हुन्छन्। यो सीमा पार गर्ने मत नल्याउने दलको समानुपातिकतर्फको मत खेर जान्छ अर्थात सीट पाउँदैन। जसअनुसार, एमाले, कांग्रेस, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, नेपाल र जनमत पार्टीले ३ प्रतिशतको सीमा कटाएर समानुपातिक सीट सुनिश्चित गरेका छन्।

मत परिणाम विभाजक सूत्र गणना गरेर अनुमानअनुसार, एमालेले ३४ सीट पाउने देखिएको छ। कांग्रेसले एमालेको भन्दा दुई सीट कम अर्थात ३२ सीट पाउनेछ। एमालेको भन्दा कांग्रेसको मत करीब एक लाख ३० हजार कम छ। माओवादीले समानुपातिकतर्फ १४ सीट पाउनेछ। पहिलो पटक निर्वाचनमा उत्रिएको राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिकमा १३ सीट पाउनेछ। त्यसैगरी, समानुपातिकतर्फ राष्ट्रिय प्रजातन्त्र पार्टीले सात, जनता समाजवादी पार्टी र जनमत पार्टीले पाँच-पाँच सीट पाउनेछन्। यद्यपि, आयोगले निर्वाचनको अन्तिम परिणाम औपचारिक घोषणा गर्न बाँकी छ।

पूर्व प्रधानमन्त्री माधव नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) ले समानुपातिकतर्फको ३ प्रतिशतको सीमा पार नगरेका कारण सीटमा भाग पाएन। एकीकृत समाजवादीले थप १८ हजार ४११ मत पाएको भए समानुपातिकतर्फको सीटमा भाग पाउँथ्यो। पहिलो हुने निर्वाचन प्रणालीतर्फ कांग्रेसले ५७ स्थानमा जितेको छ। अबको प्रतिनिधि सभामा कांग्रेस ८९ सीटसहित सबैभन्दा ठूलो दल बनेको छ। प्रत्यक्षतर्फ ४४ स्थान जितेको एमाले जम्मा ७८ सीटसहित दोस्रो स्थानमा रहनेछ।

प्रत्यक्ष र समानुपातिक गरी माओवादीको ३२, राष्ट्रिय स्वतन्त्र पार्टीको २० र राष्ट्रिय प्रजातन्त्र पार्टीको १४ सिट हुनेछ। त्यसैगरी, प्रत्यक्षतर्फ सात सीट जितेको जनता समाजवादी पार्टी नेपालको समानुपातिकसहित जम्मा १२ सीट हुनेछ। प्रत्यक्षतर्फ एक स्थानमा जितेको जनमत पार्टीको पनि समानुपातिकतर्फ पाँच गरी जम्मा ६ सीट हुनेछ। समानुपातिकतर्फ सीट नपाए पनि एकीकृत समाजवादीले प्रत्यक्षतर्फ १० सीट जितेको छ।

पाँच दलीय सत्ता गठबन्धनले निर्वाचनमा कुल १३६ सीट जितेको छ। कांग्रेसको ८९, माओवादीको ३२, एकीकृत समाजवादको १०, लोकतान्त्रिक समाजवादी पार्टीको चार र राष्ट्रिय जनमोर्चाको एकसहित सत्ता गठबन्धनको १३६ सीट पुग्ने भएको छ। संसद्मा बहुमतका लागि १३८ सीट चाहिन्छ। आगामी संसद्बाट नयाँ सरकार बनाउन सत्ता गठबन्धनले अन्य दल वा स्वतन्त्र सांसदको समर्थन लिनुपर्नेछ। पाँच दलीय गठबन्धन गरेर जाँदा पनि बहुमत ल्याउन सकेनन्। सत्तामा रहेर चुनाव लड्दा बहुमत नपाउनु गठबन्धनको असफलता हो। विपक्षी एमालेले पनि प्रत्यक्षमा कांग्रेस भन्दा कम सिट जितेर सरकारको नेतृत्वका लागि अगुवाइ गर्ने मौका दिएको छैन। कांग्रेस ठूलो दलको रुपमा असफल भएको गठबन्धन भन्दा फरक तरिकाले चल्न सकेमा राजनीतिक स्थायित्व कायम हुनेछ।

# विश्वकप फुटबल : क्रोएसिया र ब्राजिल क्वार्टरफाइनलमा

**रासस**
**काठमाडौं, २० मंसिर**

क्रोएसिया फिफा विश्वकप फुटबल २०२२ को क्वार्टरफाइनलमा पुगेको छ। गए राति कतारको अल जनौब रङ्गशालामा भएको प्रि-क्वार्टरफाइनल खेलमा जापानलाई टाइब्रेकरमा पराजित गर्दै क्रोएसिया क्वार्टरफाइनलमा पुगेको हो।

खेलको ४३औं मिनेटमा जापानका लागि डेइजेन मेइदाले गोल गर्दै अग्रता दिलाए पनि खेलको ५५औं मिनेटमा क्रोएसियाका लागि इभान पेसिसिकले गोल गर्दै खेल बराबरीमा ल्याएका थिए। त्यसपछि निर्धारित ९० मिनेटमा दुवै टोलीले गोल गर्न नसकेपछि खेल अतिरिक्त समयमा पुग्यो। अतिरिक्त समयमा पनि दुवै टोलीबाट कुनै गोल नभएपछि खेलको टुङ्गो टाइब्रेकरमा पुगेको थियो। टाइब्रेकरमाक्रोएसियाविजयीभयो। क्रोएसियाका गोलरक्षक डोमिनिक लिभाकोभिचले टाइब्रेकरमा जापानका तीन पेनाल्टी असफल बनाएका थिए। जापानका लागि ताकुमी मिनामिनो, काअरु मितोमाको र माया यासिदाले प्रहार गरेका पेनाल्टी क्रोएसियाका लिभाकोभिचले विफल पारिदिएका थिए भने ताकुमा असानोको प्रहार भने सफल भएको थियो। क्रोएसियाका जीतमा निकोला भ्लासिच, मार्सेलो ब्रोजोभिच र मारियो पासालिचले पेनाल्टीमार्फत गोल गरेका थिए। क्रोएसियाका मार्का लिभाजाको प्रहार भने पोस्टमा लागेर फर्किएको थियो। क्रोएसियाले क्वाटरफाइनलमा ब्राजिलसँग खेल्नेछ। ब्राजिल फिफा विश्वकप फुटबल २०२२ को क्वार्टरफाइनलमा प्रवेश गरेको छ। कतारमा गए राति भएको प्रि-क्वार्टरफाइनल खेलमा ब्राजिलले दक्षिण कोरियालाई ४-१ गोलअन्तरले पराजित गर्दै क्वार्टरफाइनलमा प्रवेश गरेको हो। ब्राजिलका लागि खेलको ७औं मिनेटमा भिनी जुनियरले गोल गर्दै अग्रता दिलाए भने खेलको १३औं मिनेटमा पेनाल्टीमार्फत गोल गर्दै नेयमारले अग्रता दोब्बर बनाए। त्यस्तै खेलको २९औं मिनेटमा रिचार्लिसन र ३६औं मिनेटमा लुकास पाक्वेटाले गोल गरेपछि ब्राजिलले पहिलो हाफमा खेलमा ४-० ले अग्रता लियो।

खेलको ७६औं मिनेटमा पाइक सेउङले दक्षिण कोरियाका लागि सान्त्वना गोल गरे। त्यसपछि खेलमा कुनै गोल भएन र ब्राजिलले खेल ४-१ गोल अन्तरले आफ्नो पक्षमा पार्‍यो।

यसअघि आजै राति भएको अर्को खेलमा क्रोएसियाले जापानलाई टाइब्रेकरमा पराजित गर्दै क्वार्टरफाइनलमा पुगेको छ। ब्राजिलले क्वार्टरफाइनलमा क्रोएसियासँग खेल्नेछ।

# मंसिर २२ बाट किम्फ

**रासस**
**काठमाडौं, २० मंसिर**

काठमाडौं अन्तर्राष्ट्रिय पर्वतीय फिल्म फेस्टिभल (किम्फ)को २०औं संस्करण आगामी मङ्सिर २२ देखि सुरु हुने भएको छ।

भारतीय निर्देशक एम गनी निर्देशित फिल्म 'मट्टोकी साइकिल'को विशेष प्रदर्शनमा सहभागी हुन निर्देशक भ्रा नेपाल आउन लाग्नुभएको छ। फिल्ममा उहाँको अभिनय समेत छ।

फिल्म प्रदर्शनपछि सहभागीसँग अन्तरक्रियासमेत गर्ने उहाँको कार्यक्रम छ। आयोजक संस्था हिमाल एसोसिएसनले 'दिगो आरोहण' संस्करणको मूल नारा राख्दै महोत्सव आयोजना गर्न लागिएको जारी प्रेस विज्ञप्तिमा उल्लेख छ।

जलवायु परिवर्तन र वातावरणीय सङ्कटले हिमाल आरोहणमा ल्याएको चुनौतीलाई लक्षित गर्दै यो नारा तय गरिएको फेस्टिभल निर्देशक रम्यता लिम्बूले बताउनुभयो।

"यसपटक भौतिकरूपमा महोत्सव आयोजना गर्न पाउँदा उत्साहित छौं। फिल्म स्क्रिनिङबाहेक नेपाली फिल्मको भविष्य, फिल्ममा तन्नेरी पुस्ता र फिल्ममा बालबालिकाजस्ता विषयमा सामूहिक छलफलसमेत हुँदैछ", निर्देशक लिम्बूले भन्नुभयो, "किम्फमा ३० मुलुकका ६० भन्दाबढी फिल्म प्रदर्शन गर्दैछौं। राष्ट्रिय सभागृह र पर्यटन बोर्डमा चल्ने फेस्टिभलमा २० भन्दाबढी अन्तर्राष्ट्रिय फिल्ममेकर सहभागी हुनेछन्।" यही मङ्सिर २६ गतेसम्म आयोजना हुने महोत्सव सुरुआत 'बाघको बञ्जारा' बाट हुँदैछ। मह सिकारीको कथा पेस गर्ने फिल्म प्रिमियर गर्न पाउँदा उत्साहित रहेको निर्माता विद्या चापागाईंले जानकारी दिनुभयो।

उत्तरी जाजरकोटका स्थानीयले लामो यात्रापछि अक्करे भिरमा चढेर गर्ने मह सिकारको कथा फिल्मले पेस गर्छ। गैरआख्यान श्रेणीको यो फिल्मले मह सिकारका लागि हिमाली भेगका बासिन्दाले गर्ने दुःख र मिहेनतलाई चित्रण गर्छ।

अष्ट्रेलियाली प्याराग्लाइडरले पोलियो रोगविरुद्ध सहायता जुटाउने उद्देश्यले सगरमाथाबाट प्याराग्लाइड गर्ने कथावस्तु बोकेको फिल्म 'फ्लाई फ्रम एभरेस्ट'बाट समापन हुनेछ। जर्मन लेखक तथा निर्माता माइकल पज, नेपाली फिल्म निर्माता तथा एनिमेटेड अगुवा किरणभक्त जोशी र दक्षिण कोरियाको अल्जु पर्वतीय फिल्म फेस्टिभलकी प्रोग्रामर जिन्ना लीले किम्फमा जुरीको भूमिका निर्वाह गर्नुहुनेछ।

सन् २००० देखि सुरु भएको किम्फ महोत्सवमा विशेष गरी पर्वत, त्यहाँका बासिन्दा, संस्कृति र वातावरणमाथि बनेका फिल्महरू प्रदर्शन गरिन्छन्।

महोत्सवमा अन्तर्राष्ट्रियतर्फ प्रथम, दोस्रो र तेस्रो उत्कृष्ट तीनवटा फिल्मले क्रमशः दुई लाख, एक लाख ५० हजार र एक लाख रुपैयाँ पुरस्कारस्वरुप पाउनेछन् भने नेपाली पानोरामाअन्तर्गत फिक्सन र डकुमेन्ट्री विधामा उत्कृष्ट ठहरिएका फिल्मलाई रु एक लाख र रु. ७५ नगद पुरस्कार दिइनेछ। इसिमोड सदस्य मुलुकबाट छानिएको उत्कृष्ट फिल्मले 'बेस्ट इसिमोड माउन्टेन फिल्म अवार्ड'सहित एक हजार अमेरिकी डलर पाउनेछ। त्यसैगरी महोत्सवमा अत्यधिक दर्शकहरूको मत पाउने फिल्मले 'किम्फ अडियन्स अवार्ड'मार्फत रु ५० हजार पाउनेछ।

# राष्ट्रिय लोकमार्गमा 'हाइड्रोपावर' निर्माण

**पोखरापत्र संवाददाता**
**बागलुङ, २० मंसिर**

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडीलोकमार्गको बागलुङ-बुर्तिबाङ खण्डअन्तर्गत गलकोटको मनेवापाटामा सडक अतिक्रमण गरेर स्थानीयवासीले हाइड्रोपावर निर्माण गरिरहेका छन्। लोकमार्गको गलकोट नगरपालिका-११ मा पर्ने मनेवापाटामा करिब डेढ किलोमिटर सडकमा दरमखोला हाइड्रोपावर प्रालिले सडक अतिक्रमण गरी पाइप बिच्छ्याएको छ। सडकको कुनापट्टि पाइप बिछ्याउँदा सडक साँघुरो बनेर दुर्घटनाको जोखिम बढेको जनाएको छ। हाइड्रोपावर निर्माण कम्पनीले सवारी आवतजावत नै ठप्प बनाएर सडकमा पाइप बिछ्याउने गरेको गाडी चालकहरूको भनाइ छ। लोकमार्ग कार्यालयसँग मापदण्ड बनाएर हाइड्रोपावर निर्माण गर्ने सम्झौता भए पनि निर्माण कम्पनीले मापदण्डविपरीत काम गरेको पाइएको छ। मध्यपहाडी लोकमार्ग कार्यालय पर्वतका प्रमुख नारायणदत्त भण्डारी भन्नुहुन्छ, "सम्झौताअनुसार काम गर्न चार पटकसम्म पत्राचार गर्‍यौं, तर उहाँहरूले हाम्रो पत्रको कुनै जवाफ दिनुभएको छैन, हामीहरूले सम्झौताविपरीतको काम रोकेर मापदण्डअनुसार काम गर्न पटक-पटक भन्यौं, जिल्ला प्रशासनलाई पनि यो रोक्न पत्र पठाएका छौं, कतिपय ठाउँमा मापदण्डअनुसार भएको छ भने भैरै ठाउँमा विपरीत छ।"हाइड्रोपावर प्रालिले लोकमार्गको पत्रचारलाई बेवास्ता गरी मापदण्डविपरीत काम धमाधम गरिरहेको छ। भण्डारीले हाइड्रोपावरको काम गर्नका लागि एउटा नक्सासमेत तयार पारेको भन्दै त्यसअनुसार नभए निर्माण भएका संरचना भत्काउन आफूहरू बाध्य हुने बताउनुहुन्छ।

"म फिल्डमै गएर किन यस्तो भयो भनेर बुझ्न खोजें, बुझ्न बोलाए तर उहाँहरू आउनुभएन, यदि निर्माण कम्पनीले सम्झौताविपरीत काम गरिरह्यो भने, त्यो भत्काउनेसम्म हाम्रो अधिकार रहन्छ, उहाँहरूसँग सम्झौताअनुसार गर्ने स्थितिमै ल्याउँछौं, एउटा नक्सासमेत तयार भएको छ, त्यो नक्साअनुसार पनि भएन भने हामी भत्काउँछौं।"

सात मिटर चौडाइ रहेको दुई लेनको सडकमा कुना भागबाट पाइप बिछ्याउँदा पाँच मिटर पनि पुग्दैन। हाइड्रोपावरको पाइपले कुनापट्टिको नालीसमेत पुरेको छ। हाइड्रोपावर प्रालिले पाइप बिछ्याएपछि सडक निकै साँघुरो भएको भण्डारी बताउनुहुन्छ।मध्यपहाडीलोकमार्ग मिचेर हाइड्रोपावर बनाउँदा सडक दुर्घटनाको जोखिमसमेत बढेको उहाँको भनाइ छ। दरमखोला हाइड्रोपावर प्रालिका प्रमुख नीरज पुनले सडक विभागको अनुमति लिएर काम अगाडि बढाएको बताउनुभयो। उहाँ आफूहरूले सम्झौताविपरीत काम नगरेको दाबी गर्नुहुन्छ। उहाँले लोकमार्गको कार्यालय प्रमुख नयाँ आउनुभएको र उहाँले धेरै कुरा नबुझेको हुनसक्ने बताउनुभयो।

प्रमुख पुन भन्नुहुन्छ, "सुरुमा जे सम्झौता भएको थियो सोहीअनुसार काम गरेका छौं, सम्झौताविपरीत भएको जस्तो लाग्दैन, पहिलेका हाकिमसँग छलफल गरेर, एउटा सम्झौता गरेका थियौं, सोहीअनुसारका काम गरेका हौं, अहिले नयाँ हाकिम आउनुभएको होला, उहाँलाई सबै थाहा नभएको हुनसक्छ।"

जिल्ला समन्वय समिति बागलुङका प्रमुख अमर थापाले लोकमार्गका छेउछाउमा हाइड्रोपावरका संरचना बनाउँदा सडक नै जोखिममा पर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "लोकमार्ग छेउमा जुन हाइड्रोपावरको पाइप बिछ्याइएको छ, यो गलत भएको छ, भोलि जतिबेला पनि यो पाइप फुट्न सक्छ, त्यो अवस्थामा सडकको हालत के हुन्छ?, त्यसले गर्दा यस्ता संरचना बनाउँदा सबै पक्षले ध्यान पुर्‍याउनुपर्छ।" उहाँले राज्यको सम्पत्ति जोखिममा पारेर संरचना बनाइन नहुने बताउनुभयो। राष्ट्रिय गौरवको आयोजना अतिक्रमण गरी हाइड्रोपावरका लागि पाइप बिछ्याउने कार्य दुर्भाग्यपूर्ण भएको भन्दै यसमा संयमता अपनाउनुपर्ने बताउनुभयो। पछि गएर ठूलो दुर्घटना हुनुभन्दा अहिले नै ठोस निर्ण गर्नुपर्ने प्रमुख थापा बताउनुहुन्छ।

दरमखोला हाइड्रो इनर्जीले आगामी असार मसान्तभित्र सक्ने गरी हाइड्रोपावरको कामलाई तीव्रता दिएको छ। यहाँबाट ९.६ मेगावाट विद्युत् निकालिने कम्पनीले जनाएको छ। यस ठाउँलगायत अन्य स्थानमा पनि विभिन्न व्यक्ति तथा निर्माण व्यवसायीले लोकमार्ग क्षतविक्षत बनाएका जनाइएको छ।

# म्याग्दीमा धान र कोदो उत्पादन घट्यो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २० मंसिर**

म्याग्दीमा यस वर्ष धान र कोदो खाद्यबालीको उत्पादन घटेको छ। गत वर्षको तुलनामा धान ११.५० प्रतिशत र कोदो ६.८७ प्रतिशतले उत्पादन घटेको हो।

धानको उत्पादकत्व प्रतिहेक्टर ०.३ मेट्रिक टन र कोदो प्रतिहेक्टर ०.१ मेट्रिक टनका दरले घटेको कृषि ज्ञान केन्द्रले जनाएको छ। फूल खेल्ने समयमा वर्षात् र रोग्ने समयमा खडेरीका कारण धान र कोदो उत्पादनमा असर पुगेको कृषि ज्ञान केन्द्रका प्रमुख किरन सिग्देलले बताउनुभयो।

रोपाइँ ढिलाइ हुनु र खेतबारी आसपासका क्षेत्रमा बढेको जङ्गलको ओसले पनि धान र कोदोको उत्पादन घट्नुको थप कारण भएको उहाँले बताउनुभयो। गत वर्ष म्याग्दीमा १३ हजार चार सय ८० मेट्रिक टन धान र तीन हजार चार सय ९० मेट्रिक टन कोदो उत्पादन भएको थियो। यसपालि तीन हजार दुई सय ५० मेट्रिक टन कोदो र ११ हजार नौ सय २९.३३ मेट्रिक टन धान उत्पादन भएको केन्द्रका प्राविधिक सहायक सम्झना आचार्यले बताउनुभयो।

"जिल्लाका विभिन्न ठाउँमा गरिएको धान र कोदो बालीको क्रप कटिङ विधिबाट उत्पादनको अवस्थाका विषयमा अध्ययन गरेका थियौं", उहाँले भन्नुभयो, "धान प्रतिहेक्टर ३.४ मेट्रिक टनबाट घटेर ३.१ मेट्रिक टन प्रतिहेक्टर भएको छ। कोदोको उत्पादकत्व प्रतिहेक्टर १.२८ बाट घटेर १.२७ मेट्रिक टन भएको छ।" कृषि प्राविधिकहरूले जिल्लाका विभिन्न स्थानमा धान र कोदोको क्रप कटिङ गरेर उत्पादकत्व पहिचान गरेका थिए। म्याग्दीमा दुई हजार सा सय ५० हेक्टर क्षेत्रफलमा कोदो र तीन हजार आठ सय ९० हेक्टर क्षेत्रफलमा धान खेती हुन्छ। गौरी, जेठो बुडो, जर्नेली, पहेँले, मार्सी, ताकमारे, भट्टे र छमरुङ, माछापुच्छ्रे, अन्नपूर्ण-३, खुमल-४, खुमल-१०, लुम्ले-२ लगायतका उन्नत जातका धानखेती हुने गर्छ।

लेकाली क्षेत्रका कृषकले भिरालो जमिनमा गर्न सकिने र सिंचाइ आवश्यक नपर्ने घैया जातको धानखेती हुन्छ। कोदो भने स्थानीय जातको खेती हुने गर्छ।

# माटोमा अम्लियपनाको समस्या

**पोखरापत्र संवाददाता**
**पर्वत, २० मंसिर**

पर्वतमा खेतीयोग्य जमिनको माटोमा अम्लियपनाको समस्या देखिएको छ।

नवौँ माटो दिवसको अवसरमा दक्षिण पर्वतको पैँयू गाउँपालिकामा राखिएको माटो परीक्षण शिविरमा जाँच गरिएका नमुनामा अम्लियपनाको समस्या बढी देखिएको हो। पैँयू गाउँपालिकाको सातवटै वार्डबाट माटोको एक सय दुई नमुना परीक्षण गरिएको थियो।

सङ्कलित नमुना परीक्षणको नतिजामा नाइट्रोजन, फस्फोरस र पोटासको मात्रा पनि कम पाइएको कृषि ज्ञान केन्द्र पर्वतका प्रमुख मनिता थापाले जानकारी दिनुभयो।

नतिजामा २५ प्रतिशत नमुनामा अम्लियपनाको समस्या, ७५ प्रतिशत तटस्थ, ९५ प्रतिशत माटोमा नाइट्रोजनको कमी देखिएको छ। ८० प्रतिशत माटोमा फस्फोरस र सबै नमुना माटोमा पोटासको मात्रा कम रहेको प्रमुख थापाले बताउनुभयो।

नतिजाको आधारमा विभिन्न बालीमा नाइट्रोजन, फस्फोरस र पोटासको मात्रा सिफारिस गरिएको छ भने पि एच मानको आधारमा कृषि चुनको मात्रा सिफारिस गरिएको कार्यालयले जनाएको छ। सिफारिस गरिए अनुसार कृषि चुन र सन्तुलित मलखाद किसानले अवलम्बन गरेमा माटोको अवस्थामा सुधार गर्न सकिने थापाले बताउनुभयो।

'स्वस्थ माटोको साथ, खाद्य उत्पादनको सुरुवात' भन्ने नारासहित नवौँ विश्व माटो दिवस-२०७९ को अवसरमा गरिएको माटो परीक्षणले गाउँपालिकाका सबैजसो वडाका किसान लाभान्वित भएका छन्।

नमुना परीक्षण गरिएका क्षेत्रमा माटोको उपचार गर्ने प्रविधि र माटोको अवस्था अनुसार कुन बालीनाली लगाउने भन्ने बारेमासमेत सहजीकरण गरिएको कार्यालय प्रमुख थापाले जानकारी दिनुभयो।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# १७ औं प्यावसन स्पोर्टस मिट यहि मंसिर २५ गतेबाट सुरु हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २० मंसिर**

'स्वस्थ मस्तिष्कका लागि खेलकुद' भन्ने नारासहित '१७ औं प्यावसन स्पोर्टस मिट २०७९' यहि मंसिर २५ देखि २९ गते सम्म पोखरामा हुने भएको छ।

निजी तथा आवासीय विद्यालय अर्गनाईजेसन प्याब्सन, कास्कीले सोमबार पोखरामा एक पत्रकार सम्मेलनको आयोजना गरी १७ औं संस्करणको प्यावसन स्पोर्टस मिट हुने भएको जनाएको हो । स्पोर्टस मिट अन्तर्गत कक्षा १ र १० सम्मका विद्यार्थीहरू बिच छात्र सिनियर तथा जुनियर फुटबल, छात्र/छात्रा भलिबल, छात्र/छात्रा टेबल टेनिस, छात्र/छात्रा एथलेटिक्सहरु आयोजना हुने प्यावसन कास्कीका अध्यक्ष मथुरा प्रसाद पौडेलले जानकारी दिएका छन् । १७ औं संस्करणको प्यावसन स्पोर्टस मिटको उद्घाटन यहि मंसिर २५ गते पोखरा रंगशालामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले उद्घाटन गर्ने कार्यक्रम रहेको अध्यक्ष पौडेलले जानकारी दिए । उक्त प्रतियोगिता अन्तर्गत कक्षा ११ र १२ का विद्यार्थीहरूका बिच छात्र/छात्रा भलिबल, छात्र/छात्रा बास्केटबल, छात्र तथा छात्रा दौड जस्ता इभेन्टसूहरूमा ७७१२ भन्दा बढी विद्यार्थीहरूले प्रत्यक्ष रूपमा प्रतिस्पर्धा गर्ने र दैनिक ११ हजारभन्दा बढी विद्यार्थी अभिभावक र अन्य दर्शकहरूले अवलोकन गर्ने प्यावसन अध्यक्ष पौडेलले बताए । प्रतियोगिता अन्तर्गत जुनियर फुटबलतर्फ ५६ टिम, सिनियर फुटबलतर्फ ६९, भलिवल छात्रातर्फ १९ छात्रतर्फ १८ टिम, टेवुल टेनिस सिंगल्स




छात्रतर्फ ४१ जना, छात्रातर्फ १९, टेवुल टेनिस छात्र डवल्सतर्फ ३९ र छात्रातर्फ १६ टिमको सहभागिता हुनेछ।

त्यसै गरी ट्रायक एण्ड फिल्ड एथलेटिक्सतर्फका विभिन्न इभेन्टस्मा छात्रतर्फ ६५, छात्रातर्फ ५३ जनाको सहभागिता हुने प्रतियोगिताकी संयोजक तथा प्यावसन कास्कीकी वरिष्ठ उपाध्यक्ष उमा लामिछानेले जानकारी दिएकी छन् । कक्षा ११-१२ अन्तर्गत नै एथलेटिक्स छात्रतर्फ १५ र छात्रातर्फ ८ विद्यालयको सहभागिता हुनेछ । कक्षा ११-१२ छात्र भलिवलतर्फ १६, छात्रातर्फ ८, बास्केटबल कक्षा १-१० सिनियर छात्रतर्फ १७ र छात्रातर्फ ६ टिमको सहभागिता हुनेछ । १७ औं प्यावसन स्पोर्टस मिट सफल बनाउन सबै संग आग्रह गर्दै अध्यक्ष पौडेलले प्रतियोगितामा करिव ५० लाख खर्च हुने अनुमान रहेको जानकारी दिएका छन् । यहि मंसिर २० गतेबाट अनौपचारिक रुपमा सिनियर तथा जुनियरतर्फका फुटबल प्रतियोगिता आयोजना हुने बताउँदै फुटबल प्रतियोगिताहरु हेमजास्थित गौरीशंकर खेल मैदान, शान्तिदिप वोर्डिङ स्कुलको खेल मैदान, नेपाल आदर्श स्कूलको खेल मैदान र लेखनाथस्थित आदर्श रंगशालामा हुने प्यावसन कास्कीले जनाएको छ । प्याब्सन कास्कीले आयोजना गदै आएको यस खेलकुद प्रतियोगिताले विगतदेखि नै प्याब्सन कास्कीको मात्र नभएर सिङ्गो कास्की जिल्लाको खेलकुद क्षेत्र र खेलकुदको विकासमा विशेष महत्त्व राख्दै राष्ट्रिय खेलाडीहरू उत्पादनमा आधारको रूपमा महत्त्वपूर्ण योगदान गर्दै आइरहेको प्यावसन कास्कीका प्रमुख सल्लाहकार तथा केन्द्रिय सदस्य प्रेम प्रसाद पौडेलले बताए । उनले सबै खेलहरुमा सुरक्षाको प्रत्यभुति हुने गरी प्रतियोगिताहरु आयोजना गरिएको बताउँदै सुरक्षा नै पहिलो प्राथमिकता रहेको उनको भनाई थियो । पत्रकार सम्मेलनमा प्यावसन कास्कीका सचिव पुष्पराज पराजुलीलगायतले स्पोर्टस मिटको विविध पक्षबारे जानकारी गराएका छन् । सचिव पराजुलका अनुसार उद्घाटनका अवसरमा ५० वटा विद्यालयका छात्र-छात्राहरुले मार्च पास गर्नेछन् । प्याब्सन कास्कीसँग कास्की जिल्लाका १ सय २ वटा निजी तथा आवासीय विद्यालयहरू सदस्यका रूपमा आवद्ध रहेका र संस्थामा आवद्ध विद्यालयहरूमा ७५ हजार भन्दा बढी विद्यार्थी र ७ हजार ३ सय भन्दा बढीको सङ्ख्यामा शिक्षक कर्मचारीहरू कार्यरत रहेका छन् ।

यसै विच प्रतियोगिता सफल बनाउन वरिष्ठ उपाध्यक्ष उमा लामिछानेको संयोजकत्वमा विभिन्न १७ वटा समिति गठन गरिएको प्यावसन कास्कीले जनाएको छ । स्पोर्टस मिटको संरक्षकमा मथुरा प्रसाद पौडेल, न्यायियक समितिको संयोजकमा बिर बहादुर बुढाथोकी, आर्थिकमा बेद प्रसाद बस्ताकोटी, कार्यालय व्यवस्थापनमा पुष्पराज पराजुली, मार्च पासमा विधान गौतम, स्टेज व्यवस्थापनमा मोहन पौडेल, निमन्त्रणातर्फ उपाध्यक्ष विष्णु तिमिल्सिना, स्वागत तथा सत्कारमा मथुरा प्रसाद पौडेल, फुटबल आयोजनातर्फ जगत थापा र विष्णु जिशी, भलिवल समितिको संयोजकमा नविन बराल, एथेलिक्सतर्फ राम गुरुङ, कक्षा ११-१२ बास्केटबलतर्फ रामचन्द्र पौडेल, टेबुल टेनिसतर्फ शेर बहादुर क्षेत्री, शुरक्षातर्फ दिवाकर जैशी, स्वास्थ्यतर्फ टेक नारायण पौडेल, खानेपानी व्यवस्थापनतर्फ शिव गौतम र सुपरिवेक्षणमा दिनेश कुमार श्रेष्ठलाई संयोजक तोकिएको छ।

# घाँसे मैदान बाङ्गेचौरलाई रङ्गशाला बनाइने

**पोखरापत्र संवाददाता**
**गलकोट, २० मंसिर**

बर्खामा हिलाम्मे र हिउँदमा धुलाम्मे भएर खेलाडीलाई सास्ती भएको बागलुङकै बाङ्गेचौर खेलमैदान अब रङ्गशालामा परिणत हुनेभएको छ।

बागलुङ नगरपालिकाले बाङ्गेचौर खेल मैदानलाई आधारभूत रङ्गशाला बनाउने गरी समपुरक योजना स्वीकृत गरी ठेक्का प्रक्रियाको तयारी गरिरहेको छ । बागलुङ बजारमा रहेको बाङ्गेचौर खेलमैदानलाई रङ्गशाला बनाउने योजना अघिल्लो नगरकार्यपालिकाको भए पनि अझै कार्यान्वयनमा आउन सकेको थिएन । हाल दुई महिनाभित्रै ठेक्का प्रक्रियामा लैजाने गरी वातावरणीय प्रभाव मूल्याङ्कनको काम भइरहेको बागलुङ नगरपालिकाले जनाएको छ । बागलुङ नगरपालिकाका नगर प्रमुख वसन्तकुमार श्रेष्ठका अनुसार यो वर्ष रङ्गशाला निर्माणमा करिब चार करोड खर्च गरिने र तीन वर्षभित्र पूरा गर्ने गरी बहुवर्षे योजनामा यसलाई समावेश गरिएको छ । बागलुङ नगरपालिका र राष्ट्रिय योजना आयोगले छनोट गरेको विशेष योजना अन्तर्गत चालु आवदेखि काम सुरु हुने श्रेष्ठको भनाइ छ। रङ्गशाला निर्माण गर्नका रु आठ करोड २२ लाख खर्च हुनेछ। जसमध्ये सङ्घीय सरकार र नगरपालिकाको ५०/५० प्रतिशत लगानी ब्यहोर्नेछन्।

रङ्गशालामा तीन हजार दर्शक अट्नेछन् । तत्कालीन खेलकूद विकास समितिका अध्यक्ष धनबहादुर परियारको नेतृत्वमा चार वर्षअघि रङ्गशालाको विस्तृत प्ररियोजना प्रतिवेदन (डिपिआर) तयार गरिएको थियो । डिपिआर तयारपछि छलफलका क्रममा केही संरचनाहरू थप भएका कारण डिपिआरमा उल्लेख भए भन्दा बढी लागत लाग्ने डिपिआरमा उल्लेख गरिए पनि पछिल्लो समय डिपिआर अनुसार उपल्लो भागमा मध्यपहाडी लोकमार्गले छोएको भाग छोडेर पूर्वबाट मात्रै काम गर्ने गरी ठेक्कामा जान थालेको छ।

बागलुङ नगरपालिकाका इञ्जिनियर शोविन घर्तीका अनुसार डिपिआरमा भएका कमी कमजोरीलाई मिलाइसकेको र अहिले वातावरणीय प्रभाव मुल्याङ्कनको काम भइरहेको बताउनुभयो । हाल वातवरणीय प्रभाव मूल्याङ्कनको काम भएको बताउँदै दुई महिनाभित्र ठेक्कामा जाने उहाँको भनाइ छ।

घर्तीका अनुसार अहिले खेलमैदानको पूर्वतर्फ प्याराफिटलगायतको संरचना निर्माण सुरु गरिनेछ । राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको मध्यपहाडी पुष्पलाल लोकमार्गसँगै जोडिएको खेलमैदान सडकको मापदण्ड छोडेर अथवा सडकलाई भूमिगत गरेर मात्रै पश्चिम क्षेत्रका संरचना बनाइनेछ । खैल मैदान, प्याराफिट, शौचालय, पार्किङ लगायतका संरचना बनेपछि खेलकुदका गतिविधि गर्न निकै सहज हुनेछ जिल्ला फुटबल सङ्सघका कोषध्यक्ष सूर्य लामिछानेले बताउनुभयो । यसवर्ष खेल मैदानका लागि नगरपालिकाको रु. एक करोड ७१ लाख र सङ्घीय सरकारको एक करोड ७१ लाख गरी रु तीन करोड ४२ लाख रकम खर्च हुनेछ । रङ्गशाला ३५ रोपनी जग्गामा निर्माण गर्न थालिएको छ।

# छतमा लटरम्म फलफूल र तरकारी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २० मंसिर**

म्याग्दीको सदरमुकाम बेनीको हुलाकचोकको दायाँतर्फ शान्ति टोल नपुग्दै बेनी नगरपालिका- ७ का पूर्ववडाध्यक्ष राजेन्द्रकुमार श्रेष्ठको तीन तले घरको छत सिमी, गाजर, मुला, साग, खुर्सानी, बन्दा, काउलीलगायत तरकारी र अन्य एकदर्जन भन्दाबढी फूलले भरिभराउ छ।

श्रेष्ठको घरको छत, व्यावसायिक किसानको करेसाबारीभन्दा कम छैन । छतमै तरकारी र फलफूल फल्न र फूल्न थालेपछि श्रेष्ठ दम्पतीलाई बाहिरबाट तरकारी किन्ने झण्झट छैन। म्याग्दी जिल्ला हुलाक कार्यालयको प्रमुखसमेत रहनुभएकी साधना कुमारीले घरको छतलाई नै करेसाबारी र फूलबारी बनाउनुभएको हो।

त्यसैगरी वीरेन्द्रचोककी सिर्जना भट्टचनको घरको छतमा मौसमी तथा बेमौसमी तरकारी फलिरहेका छन्। उहाँलाई तरकारी किन्न पर्दैन। बेनी नगरपालिका-७ र ८ मा पर्ने बेनीबजारमा एक हजार दुई सयभन्दा बढी घर छन्। तीमध्ये अधिकांश घरमा कौसीखेती गरिएको छ।

प्राङ्गारिक र विषादीरहित तरकारी खान पाइने, पैसाको बचत हुने र घरमै बसेर तरकारीको स्याहार गर्दा आनन्द हुने भएकोले कौसीखेती उपयोगी भएको साधनाकुमारीले बताउनुभयो । उहाँजस्तै बजारका ५० महिला र पुरुषले कौसी खेतीसम्बन्धी तालिम लिएर यो खेती गरेका हुन्। आफ्नो वडामा कौसी खेतीतर्फ गृहिणीको आकर्षण देखेर वडा कार्यालयले अघिल्लो वर्ष कौसीखेतीसम्बन्धी तालिम सञ्चालन गरेको थियो । समय कटाउन सजिलो र आफैले घरकै छतमा फलाएका ताजा तरकारी खान पाइने, पैसाको बचत हुने, घरको सुन्दरता बढ्ने र बाहिर निस्कन नपर्दा सङ्क्रमणबाट जोगिने भएकाले यहाँका गृहिणी कौसी खेतीतर्फ आकर्षित भएका हुन् । भान्छाबाट उत्पन्न फोहर व्यवस्थापन गरी सानो परिवारका लागि घरको छतमा गमलामा तरकारी तथा फलफूल रोपेर गरिने खेतीलाई व्यवस्थित गर्न वडा कार्यालयले उपभोक्तसँग साझेदारीमा तालिम तथा आवश्यक साम्रगी खरिद गरी कौसीखेतीलाई व्यवस्थित गरेको पूर्ववडाध्यक्ष राजेन्द्रकुमार श्रेष्ठले बताउनुभयो।

"बेनी बजारमा कौसी खेती निकै प्रभावकारी देखिएको छ,यसलाई चालू आर्थिक वर्ष र आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ" अर्का पूर्ववडाध्यक्ष रमेशकुमार श्रेष्ठले भन्नुभयो । उहाँले गमला, प्लाष्टिकका भाँडा, ड्रम तथा बास्केटलगायतमा माटो र मलखाद राखेर कौसीमा खेती गर्न सकिने भएपछि कौसीको सानो क्षेत्रमा घरपरिवारले तरकारी उत्पादन गर्न सक्ने जानकारी दिनुभयो। भान्साबाट निस्कने फोहरलाई व्यवस्थापन गरी मल बनाउने विधि र कौसी खेतीसम्बन्धी तालिम प्राप्त गरेपछि काम गर्न सहज भएको बेनी बजारकी अर्की गृहिणी सोभिता श्रेष्ठले बताउनुभयो।

# 'हाइब्रिड' को प्रयोगले रैथाने बाली लोप हुँदै

**पोखरापत्र संवाददाता**
**वालिङ, २० मंसिर**

उन्नत तथा 'हाइब्रिड' जातको बीउको बढ्दो प्रयोगका कारण रैथाने बाली लोपहुँदै गएका छन्। थोरै जमिनमा धेरै उत्पादन लिन आधुनिक, उन्नत तथा 'हाइब्रिड' जातको बालीतर्फ किसान आकर्षित हुँदा रैथाने (स्थानीय) बाली लोप हुन थालेका हुन्।

ढिलै भए पनि रैथाने बालीको बीउ संरक्षणमा जोड दिने गरी वालिङस्थित वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थाले अभियान अगाडि बढाएको छ। वालिङ तथा आसपासका क्षेत्र स्याङ्जा, पर्वत र पाल्पाका विभिन्न भागमा पुगेर स्थानीय जातका खाद्यान्न तथा तरकारी बालीका बीउ सङ्कलन गर्दै आइएको उक्त संस्थाका अध्यक्ष यामबहादुर गुरुङले बताउनुभयो। वालिङ नगरपालिका, दियालो संस्था र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को सहयोगमा उक्त संस्थाले सो अभियान चलाएको हो। "हामी आधुनिकतातर्फ लम्कदै 'हाइब्रिड' जातका बीउ लगाउँदै गर्दा हाम्रा पुराना बालीका बीउ लोप हुँदै गएका छन्", उहाँले भन्नुभयो, "रैथाने बालीको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा बेलैमा ध्यान दिइएन भने भोलिका दिन बीउमा पनि परनिर्भर हुनुपर्ने अवस्था आउन सक्छ।" स्याङ्जा जिल्लाका अधिकांश भागसहित पाल्पा, पर्वत र गुल्मीका केही भागमा पुगेर रैथाने जातका बालीका बीउ सङ्कलन अभियानलाई जारी राखेको उहाँले बताउनुभयो।


# धितोमा रहेको जग्गा डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको ३५ दिने सार्वजनिक सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०८/२१, पोखरापत्र राष्ट्रिय दैनिक*

तपसिल बमोजिमका ऋणीले यस बाराही बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-१७ कास्कीबाट देहाय बमोजिम कर्जाको संस्थालाई बुझाउनुपर्ने साँवा, ब्याज, हर्जना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता एवम् मिति २०७९/०२/१८ गते समाधान राष्ट्रिय दैनिक पत्रिकामा कर्जा बुझाउने बारे ३५ दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन ऋणी, धन जमानी दिनुहुने व्यक्तिलाई यो सार्वजनिक सूचना जारी गरिएको छ। उल्लेखित ३५ दिन भित्र कर्जा चुक्ता नगरेमा संस्थालाई लेखिदिएको धितो चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रचलित सहकारी मापदण्ड तथा संस्थाको विनियम समेतले लिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुर उपर नभई बाँकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पत्तिबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ।

**तपसिल**

| क्र.सं. | ऋणी सदस्यको तीन पुस्ते विवरण | फोटो | धितो विवरण |
|---|---|---|---|
| १ | ऋणीः शान्त कुमारी श्रेष्ठ (वर्ष ५५)<br>नागरिकता नं.: ६१६६/११७७<br>जारी मिति : २०४४/१०/१३ दोलखा जिल्ला<br>पतिः बालकृष्ण श्रेष्ठ<br>ससुराः ललित बहादुर श्रेष्ठ<br>ठेगानाः दोलखा जिल्ला, माटी-१<br>हालः पोखरा म.न.पा वार्ड नं.-१७, कास्की |  | ऋणीको नाममा मालपोत कार्यालय कास्कीमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको पोखरा-१७, कास्की, नक्सा सिट नं. ०९३०९९८२१, कि.नं. २२९ क्षेत्रफल १६१.५० वर्ग मिटर को जग्गा |
| | **धन जमानी कर्ताको विवरण**<br>नाम : सुरज श्रेष्ठ (वर्ष २७)<br>ठेगाना : हाल पोखरा म.न.पा वडा नं. -१७, कास्की<br>बाबुको नाम : बालकृष्ण श्रेष्ठ<br>बाजेको नाम : ललित बहादुर श्रेष्ठ |  | **कर्जाको विवरण :-** साँवा : रु.२८,२०,०००।-<br>ब्याज : रु. ८,१६,४२०।- (मिति २०७९/८/२० सम्मको)<br>हर्जाना : रु. १,७८,७८५।- (मिति २०७९/८/२० सम्मको)<br>अन्य : रु. १७,०००।-<br>जम्मा : रु. ३८,३२,२०५।- |

**धितो लिलाम सम्बन्धी शर्तहरु :**

१. संस्थाको तर्फबाट धितो लिलाम बिक्रीको सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र ऋणी वा जमानीबाट सम्पूर्ण कर्जा चुक्ता हुन नसकेमा ३६ औं दिन अर्थात मिति २०७९/०९/२७ गते बुधबार दिनको १:०० बजे यस संस्थाको कार्यालय पोखरा-१७, कास्कीमा लिलाम डाँक बढाबढ सम्बन्धी कार्य हुनेछ। उक्त दिन बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन लिलाम बढाबढ हुनेछ।
२. धितो लिलाम डाँक बढाबढमा कम्तीमा ३ (तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनुपर्नेछ।
३. धितो डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत त्यसै दिन संस्थामा तत्काल जम्मा गर्नुपर्नेछ।
४. लिलाम सकार गर्न व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनुपर्नेछ । बुझाउनुपर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ। लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन।
५. डाँक बढाबढको सुरुवात अंक चल अचल सम्पत्तिको मूल्याङ्कनबाट सुरुवात गरिनेछ।
६. धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ऋणीले संस्थालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
७. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजस्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजस्व कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
८. धितो सम्पत्ति लिलाम बढाबढमा कसैले नसकारेमा संस्था आफैले सकार गर्न सक्नेछ।
९. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्चहरु ऋणी स्वयंको ज्येथाले व्यहोर्नु पर्नेछ । डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
१०. अन्य जानकारीका लागि संस्थाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

**बाराही बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

**पोखरा-१७, कास्की, फोन नं. : ०६१-४५३१८७**